**स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षा सम्बन्धी ऐन, २०६६ लाई संशोधन गर्न बनेको विधेयकको मस्यौदामा विधायन ऐन, २०८१ को दफा ६ बमोजिम सर्वसाधारणको राय/सुझाबको लागि प्रकाशन गरिएको सूचना।**

नेपाल सरकार स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय (मा. मन्त्रीस्तर) को मिति २०८३/०४/०६ को निर्णय अनुसार स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षा सम्बन्धी ऐन, २०६६ लाई संशोधन गर्न बनेको विधेयकको मस्यौदामा कुनै राय सुझाव भए ७ दिन (मिति २०८३/०४/१२ गते) भित्र यस मन्त्रालयको कानून शाखाको इमेल ठेगाना law.section@mohp.gov.np मा देहाय बमोजिमको ढाँचामा पठाउनु हुन विधायन ऐन, २०८१ को दफा ६ को उपदफा (२) को प्रयोजनको लागि यो सूचना प्रकाशन गरिएको छ।

| क्र.स. | मस्यौदा विधेयकको दफा | प्रस्तावित व्यवस्था | हुनुपर्ने व्यवस्था (राय सुझाव) | राय सुझावको पुष्ट्याई |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |

**<u>स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षा सम्बन्धी ऐन, २०६६ लाई संशोधन गर्न बनेको विधेयक</u>**

**प्रस्तावनाः** स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षा सम्बन्धी ऐन, २०६६ संशोधन गर्न आवश्यक भएकोले,

संघीय संसदले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम तथा प्रारम्भः** (१) यस ऐनको नाम " स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षा सम्बन्धी ऐन, (दोस्रो संशोधन), २०८३" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **मूल ऐनको दफा २ मा संशोधनः** स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षा सम्बन्धी ऐन, २०६६ (यसपछि "मूल ऐन" भनिएको) दफा २ को,-

(१) खण्ड (क) पछि देहायको खण्ड (क१) थपिएको छः-

"(क१) "अध्ययनरत विद्यार्थी" भन्नाले सम्बन्धित स्वास्थ्य सम्बन्धी परिषद्मा दर्ता हुने किसिमको विषय अध्ययन गरिरहेको विद्यार्थी सम्झनु पर्छ ।"

(२) खण्ड (घ) को सट्टा देहायको खण्ड (घ) राखिएको छः-

"(घ) "मन्त्रालय" भन्नाले नेपाल सरकारको स्वास्थ्य सम्बन्धी विषय हेर्ने मन्त्रालय सम्झनु पर्छ।"

३. **<u>मूल ऐनको दफा ३ मा संशोधनः</u>** मूल ऐनको दफा ३ को,-

(१) खण्ड (ख) पछि देहायको खण्ड (ख१) थपिएको छः-

"(ख१) हतियार सहितको आपराधिक बलको प्रदर्शन गर्न,"

(२) खण्ड (च) मा रहेका "कार्यरत कर्मचारीलाई" भन्ने शब्दहरुको सट्टा "कार्यरत कर्मचारी वा अध्ययनरत विद्यार्थीलाई" भन्ने शब्दहरु राखिएका छन्।

४. **<u>मूल ऐनको दफा १५ मा संशोधनः</u>** मूल ऐनको दफा १५ को उपदफा (२) को खण्ड (ख) मा रहेका "खण्ड (ख) वा (ग)" भन्ने शब्दहरुको सट्टा "खण्ड (ख), (ख१) वा (ग)" भन्ने शब्दहरु राखिएका छन् ।

५. **<u>मूल ऐनको दफा २२ मा संशोधनः</u>** मूल ऐनको दफा २२ पछि देहायको दफा २३ राखिएको छः-

"२३. **<u>निर्देशिका वा कार्यविधि वा मापदण्ड बनाउने अधिकारः</u>** मन्त्रालयले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमको अधीनमा रही आवश्यक निर्देशिका वा कार्यविधि वा मापदण्ड बनाउन सक्नेछ ।"